# कृषि विकास शाखाको कृषि तथ्याङ्क

# २०७७/०७८

खार्पुनाथ गाउँपालिका

## कृषि विकास शाखा

याङ्चु बजार, हुम्ला

कर्णाली प्रदेश ,नेपाल

तयार गर्ने :
(हर्कबिर रावल)
कृषि विकास शाखा प्रमुख

सदर गर्ने :
(विकास बहादुर जि.सि.)
अधिकृत छैठौं

प्रमाणित गर्ने :
(चन्द्रबिर शाही)
प्रमुख प्रशासकिय अधिकृत


हुम्ला

# दुई शब्द

कृषि क्षेत्रमा भएका विगतका प्रयासबाट केही हतसम्म उपलब्धी हासील भएको देखिन्छ । जसमा बेमौसमी तरकारी खेतीमा कृषकको चासो बढ्दै गएको,फलफुल उत्पादन क्षेत्र वृद्धि हुँदै गएको, तरकारीमा आधुनीक तरिकाबाट खेती गर्दै जानुका साथै अन्य कार्यमा समेत केही सुधार भएको देखिन्छ । कृषि नेपालको प्रमुख पेशा हो, देशका अधिकांश मानिस नै कृषि पेशामा निर्भर छन । नेपालको कुल जनसंख्या मध्ये ६५.६ प्रतिशत मानिस कृषिमा आधारित छन् । हाम्रो देश नेपाल जलस्रोतको धनि देश हँदा हुँदै पनि विभिन्न भौगोलिक कठीनाई,सिंचाई उपलब्धताको कमी, दक्ष जनशक्तीको कमी,आवश्यक बजेटको अप्रयाप्तता,उर्वर कृषि भुमी,सही तरिकाले मलको प्रयोग नहुनु,जलवायू परिवर्तनको नकरात्मक असर र उत्पादनको उपयूक्त बजारको व्यवस्था नहुनु जस्ता समस्याले गर्दा कृषि क्षेत्रमा आशातित उपलब्धी हासिल गर्न बाधा पर्न गएको छ। त्यसै गरी उत्पादन सामाग्रीको प्रयाप्त आपूर्ती नहुनु,परम्परागत सोचाँई, खण्डित भु उपयोगको अवस्था, प्रतिस्पर्धी र बजारमूखी उत्पादन नहुनु, जिवनाशक रसायनिक विषादीको उपलब्धता र यसको सुरक्षित प्रयोगको जनचेतनाको कमीको कारण सोचे जस्तो उपलब्धी हुन सकेको छैन ।

अझँ भन्ने हो भने हुम्ला जिल्ला नेपालको एक अत्यन्तै विकट र पछाडी परेको जिल्ला हो । झन त्यसमाथी भौगोलीक विकटता, हिमपात, तुषारो, दक्ष प्राविधिकको कमी, भिरालो र चट्टान नै चट्टानले घेरीएको र कसिलो माटो भएको जमिन भएको कारण कृषि क्षेत्रमा अगाडी बढ्न नसकेको अवस्था छ । त्यसैअनुरुप यस्ता प्रकारका विभिन्न समस्या लाई मध्यनजर गर्दै क्रमिक रुपमा समस्यालाई समाधान गर्दै जानको लागी यस खार्पुनाथ गाउँपालिका कृषि विकास शाखाले कृषि संग सम्बन्धित संस्थाबाट, यस गाउँपालिका प्रतक्षरुपमा कृषकहरुबाट र अन्य सरोकारवालाको सहयोगबाट खार्पुनाथ गाउँपालिका कृषि विकास शाखाबाट विभिन्न मापन जस्तै, कृषि क्षेत्रको विकास ,प्रभावकारी कृषि कार्यक्रम संचालन र यस गाउँपालिकको वस्तु स्थिती को जानकारीको लागी कृषि तथ्याङक २०७६ तयार पारिएको छ । यसका साथै यो कृषि तथ्याङ्क तयार पार्न सहयोग गर्नुहुने यसगाउँपालिका विभिन्न वडाका जनप्रतिनिधी ज्युहरु, बुद्धिजिवी वर्गहरु, यस कार्यालयका कार्यरत प्रमुख प्रशासकिय अधिकृत श्री चनद्रबिर शाही ज्यु, लगायत अन्य सहयोग पुर्‍याउने सम्पूर्ण कर्मचारीहरु र कृषि विकास शाखाका कर्मचारी श्री सुरेस ऐडि , देविसिङ रावल, र कार्यगत तालिममा खटिनुभएका प्रशिक्षार्थी भाई बहिनीह यस गाउँपालिकाका सम्पुर्ण कृषकहरुमा धन्यवाद ज्ञापनका साथै हार्दिक आभार पर्कट गर्दछु ।

**हर्कविर रावल**
**कृषि शाखा प्रमुख**
**( ना.प्रा.स.)**

# विषय सूची

## खण्ड (क)

१. खार्पूनाथ गाउँपालिका कार्यालय ....................................................................१
१.१ परिचय ........................................................................ ................. १
१.२ पृष्ठभुमी ........................................................................................ .....१
१.३ भौगालीक तथा भौतिक अवस्था ....................................................................... २
१.४ धरातलिय अवस्था .......................................................................... .....२
१.५ प्राकृतिक सम्पदा .................................................................................. ३
१.६ धार्मिक मठ मन्दिर तथा चाडपर्वहरु ............................................................ .....३
१.७ जातजाति भेषभुषा तथा पहिरन ........................................................................ ३
१.८ माटा., खनिज पदार्थ र वनस्पति ..................................................................... ३
१.९ गाउँपालिकाका अवसर र चुनौतिहरु ....................................................................... ४

## खण्ड (ख)

१. खार्पूनाथ गाउँपालिका कृषि विकास शाखा ................................................................... ५
१.१ परिचय ................................................................................................... ५
१.२ पृष्ठिभुमी ................................................................................................. ५
१.३ प्रमुख समस्या ........................................................................................ ५–६
१.४ कृषि विकासका लागी अवसर र चुनौतिहरु ................................................................ ६
१.५ कषि विकास शाखाको सोच, लक्ष्य, उद्देश्य र रणनितिहरु ............................................७
२. कृषि विकास शाखामा कार्यरत कर्मचारिको विवरण ...................................................... ७
३. गाउँपालिकाको कृषि क्षेत्रमा भएको भु उपयोगको स्थीती ............................................... ८
४.गाउँपालिकाका जम्मा कृषक घरधुरी र कृषक संख्याको अवस्था ...................................... ८
५. गाउँपलिकामा दर्ता भएका कृषक फर्म/समुह तथा सहकारीहरुको विवरण ....................९–१३
६. विभिन्न कृषि वस्तुले आगटेको क्षेत्रफल र उत्पादनको विवरण ................................१४–१६
७.बेमौसमी तरकारी खेती गर्ने कृषकको संख्या ..................................................................१६
८.बेमोसमी तरकारी खेतीको लागी कृषि सामाग्री उपलब्ध गराउने सहयोगी संस्था ..................१६
९.गाउँपालिकाको कृषि उत्पादन तथा बजारीकरण गर्ने स्थान ...............................................१६
१०.कृषि उपज भण्डारणमा स्थानीय स्तरमा प्रयोग गरिएका स्रोत साधनहरु .......................... १७

११. गाउँपालिका वडा नं १ देखी ५ सम्मको वडागत संक्षिप्त कृषि तथ्याङ्क विवरण ............. १७
११.१ कृषक घरधुरी संख्या ........................................................................ १७
११.२ जम्मा कृषक संख्या .......................................................................... १७
११.३ बेमौसमी तरकारी खेती गर्ने कृषक संख्या ............................................... १७
११.४ कृषि क्षेत्रमा भएको भु उपयोगको विवरण ............................................... १८
११.५ कृषि वस्तुको उत्पादन विवरण ...................................................... १८–२१

# खण्ड (क)

## १. खार्पुनाथ गाउँपालिकाको. परिचय पृष्ठभुमी :

### १.१. पचिय

नेपालको अति दुगर्म जिल्ला हुम्लामा पर्ने खार्पुनाथ गाउँपालिका पनि एक हो । साविकका लाली ,राया, छिप्रा खार्पूनाथ गरी ४ वटा वडा मिलेर यो गाँपालिका बनेको छ। संघिय संरचना अनुसार यस गाउँपालिकाको स्थापना २०७३ मा भएको हो। प्रसिद्ध खार्पूनाथ मन्दिरको नामबाट नै खार्पूनाथ गाउँपालिकाको नामाकरण गरिएको हो। नामाकरणको सन्दर्भमा गाउँपालिकाको नामाकरण पौराणिक कालमा हालको वडा नं ५ को खार्पूदोभान स्थित सत्यदेविको काख पतन भएको स्थान र त्यतिबेला काखलाई खार भनिने हुनाले खारबाट खार्पूनाथ रहन भएको किंवदन्ति छ। यस क्षेत्रकै मुख्य तिर्थस्थल खार्पूनाथ मन्दिर रकेकाले यसै मन्दिरको नामबाट खार्पूनाथ रहन गएको हो । यस गाउँपालिकाको केन्द्र याङ्चु बगर भएतापनी २०७६ मा बगर लाई हटाएर बजार नामाकरण गरिएको हो। यस गाउँपालिकामा ५ वटा वडा र १९ वटा वस्तिहरु रहेका छन्। यस गाउँपालिकामा बित्तिय तथा आर्थिक कारोवारको लागी २०७६ सालमा प्रभु बैंक स्थापना भई संचालनमा आएको छ । यस गाउँपालिकामा कडा चट्टान देखि लिएर नरम चट्टान र विभिन्न साना झाडि देखि लिएर ठुला ठुला रुख र भिर पहराहरु रहेका छन, भने कँही भिरालो, कहीँ समथर, चाहर र नमिलेको जग्गा जमिन र भु बनोट रहेको छ। जसले गर्दा भौतिक विकासमा विकासमा बाधा पुग्ने गरेको छ।

### १.२.पृष्ठभुमी

खार्पूनाथ गाउँपालिकाको भौगोलिक, सामाजिक, आर्थीक, र पर्वाधार लगाएतका क्षेत्रको यथार्थ स्थिति झल्काउन आवश्यक तथ्याङ्क संकलन र विश्लेषणका माध्यमबाट तयार गरी स्थिति झल्कने व्यवस्थित रुपमा प्रस्तुत गरिएको सूचनाको दस्तावेज नै वस्तुगत विवरण हो। गाउँ वस्तुगत विवरण तयारीका लागी गाउँ स्तिरीय विधी, औजार तथा प्रकृयाको अवलम्बन गर्नु जरुरी हुन्छ। खार्पूनाथ गाउँपालिकाको वस्तुगत विरण तयारीको पृष्ठभुमी, उद्देश्य, धर्म सांस्कृति, भेषभुषा, चालचलन लगाएतका विषयमा तयार गरी विधि तथा प्रक्रिया र सिमालाई यस परिच्छेदमा समावेश गरिएको छ। नेपालको संविधानले लोकतान्त्रिक शासन व्यवस्था अनुरुप जनताको सवैभन्दा नजिकको सरकारको रुपमा गाउँपालिका अथवा नगरपालिकाको व्यवस्था गरेको छ। जस अनुसार स्वायत्तताका उच्चतम अध्यास तथा विकेन्द्रिकरणको माध्यमद्धारा स्थानीय शासनमा सहभागिता, जवाफ देहिता, पारदर्शिता, र उत्तरदायित्व कायम गरी सेवा प्रवाहमा प्रभावकारीतासँगै विकास प्रक्रियालाई द्रुततर तुल्याई जनअपेक्षाको सम्बोधन गर्ने ऐतिहासिक जिम्मेवारी स्थानिय सरकारको काँधमा आएको छ । सहकारीता, समन्वय र सह अस्थित्वका आधारमा संचालन हुने स्थानीय शासन प्रक्रियामा जनसहभागिता र साझेदारीको मर्मलाई उच्च महत्व दिईएको छ। स्थानीय जनाताले प्राप्त गर्ने सेवा सुविधालाई छिटो, छरितो र प्रभावकारी बनाई स्थानीय तहको सुदृढिकरण गर्न नीतिगत तथा व्यहारिक अभ्यासहरु अगाडि बढि रहेका छन्।

## १.३. भौगोलिक तथा भौतिक अवस्था :

खार्पूनाथ गाउँपालिका नेपालको कर्णाली प्रदेश अन्तर्गत हुम्ला जिल्लामा रहेको छ। यस गाउँपलिका नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष संक्षिप्त वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ख को निर्णय अनुसार तत्कालिन माननिय संघिय मामिला तथा प्रशासन मन्त्रिको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२२ मा साविका लाली, राया, छिप्रा र खार्पूनाथ गरी ४ वटा गा.वि.स. समावेश गरी भएको हो । यस गाउपलिकामा वडा नं १ लाली, वडा न २ थाली, वडा न ३ राया , वडा न ४ छिप्रा र वडा न ५ खार्पूनाग गरी ५ वडाहरु कायम गरिएको छ। गाउँपालिका सदरमुकाम सिमकोट बाट करिव ८ कोष टाढा पर्दछ । खार्पूनाथ गाउँपालिका पूर्वमा चंखेली गाउँपालिका र पश्चिममा सिमकोट गाउँपालिका पर्दछ , भने उत्तरमा चिनको स्वशासित क्षेत्र नाम्खा गाउँपालिका (तिब्बत) र दक्षिणमा सर्केगाढ गाउँपालिका पर्दछ। भौगोलि हिसावले ८२ डिग्री ५५ मिनेट ३० सेकेन्ड देखि ८३ डिग्री ३ मिनेट ३० सेकेन्ड पूर्वि देशान्तर सम्म र २८ डिग्री ५ मिनेट ३० सेकेन्ड देखि २८ डिग्री १२ मिनेट ३० सेकेन्ड उत्तरी आक्षांश सम्म अवस्थित खार्पूनाथ गाउँपालिका कणाली प्रदेशको १०६.९३ वर्ग कि.मी. क्षेत्रफल रहेको छ ।

यस गाउँपलिकामा आफ्नै निजी भौतिक संरचना तथा भवनहरु निर्माण भई कार्यालय संचालनमा आईसकेको छ। यस गाउँपालिका अन्तर्गत जम्मा दुई वटा वडामा मात्र आफ्नै वडा भवन निर्माण भएका छन् , भने अरु वडामा निर्माण हुने प्रक्रियामा छन्। यस गाउँपालिकामा बित्तिय तथा आर्थिक कारोवारको लागी २०७६ सालमा प्रभु बैंक स्थापना भई संचालनमा आएको छ। यस गाउँपालिका अन्तर्गत शिक्षा शाखा, स्वास्थ्यशाखा, कृषि विकास शाखा, पशु सेवा शाखा, महिला तथा बालबालीका शाखा र पन्जीकरण शाखा, आर्थीक शाखा, प्रशासन शाखा, दर्ता शाखा, योजना शाखा, पुर्वाधार विकास शाखा, पञ्जीकरण शाखाहरु र एक वटा सामुदायीक अस्पताल समेत स्थापना भएका छन् ।

## १.४. धरातलिय अवस्था

हिमाली जिल्ला अर्न्गात यस क्षेत्रमा धरातलिय स्वरुपका हिसावले हिमाली क्षेत्र भित्रको समथर र भिरालो क्षेत्रको क्षेत्र रहेको छ। करिब २१४० मीटर उचाई देखी ३३८० मीटर सम्मको उचाईमा मानव वस्ति तथा खेतीपातीका लागी प्रयोग हुँदै आईरहेको छ। तथापि, होचा तथा अग्ला पहाडी श्रृंखलाका काखमा रहेको समथर र भिरालो भु-बनोट रहेको यस गाउँपालिका मुख्य तथा उच्च पर्वतिय धरातलिय अवस्थिति रहेको छ। यस क्षेत्रमा मुख्यतया प्युस, याङ्चु, छिप्रा, नल्ला, पिमाथाङ, र ताक्लामा समथर भुभाग रहेको छ भने अधिकांश भिरालो जमिन रहेको यस स्थानमा भिर र चट्टानी क्षेत्रले करिब ०.०१ प्रतिशत भुभाग ओगटेको छ।यस क्षेत्रमा मुख्य तथा पिउस, या खार्पूनाथ गाउँपालिकाको अधिकतम तापक्रम ३२.४ डिग्री सेल्सीयस र न्यूनतम तापक्रम ८.० डिग्री सेल्सयिस रहेको पाईन्छ।

## १.५. प्राकृतिक सम्पदा :

गाउँपालिकाको कुल क्षेत्रफल ८७४.६२ वर्ग कि.मी. मध्ये करिव १२१. ४७ वर्ग अर्थात १३..८९ प्रतिशत वन क्षेत्र रहेको छ । जस अनुसार १२. १७ घाँसे भुमी वा खर्क क्षेत्र रहेको छ । गाउँपालिकालाई मुल प्रवाह क्षेत्र बनाएर अविरल बगिरहने कर्णाली नदि, लाली खोला, कारङ् खोला, छडि खोला, घट्टे खोला, र ह्यामा खोला लगायत नदी तथा खोलाहरु यहाँको मुख्य जल सम्पदाहरु हुन् । सिंचाईको मुख्य स्रोतको रुपमा यी नदी तथा खोलाबाट यस क्षेत्रको लाली, प्यूस, कारङ्ग, छिप्रा, नल्ना, पिमाथाङ, बेडुविसाउन, र याङ्चु क्षेत्रमा सिंचाई हुने गरेको छ । यहाँ डाँफे मुनाल, च्याखुरा, फकाँस, जस्ता चराचुरुङ्गी र घोरल, जङ्गली याक, झारल, थार, नाउर, र कस्तुरी जस्ता जनावर एवं लौठ सल्ला, भोज पत्र, उत्तिस, जस्ता वनजन्य वनस्पती पाईन्छन् । त्यस्तै गरी स्याउ, ओखर, आरु, आरुबखडा, चुली, खामु जस्ता विभिन्न जातका फलफुहरु पाईने गर्दछन् । जंगल क्षेत्रमा पाईने प्रमुख जडिबुटीका रुपमा पाखनबेद, सतुवा, विषजडी, बायोजडी, भुल्ते, कटुकी, बन कमल, पाँच औले आदी रहेका छन् ।

## १.६.धार्मिक मठ मन्दिर तथा चाडपर्वहरु

यस गाउँपालिका मा विभिन्न प्रख्यात रुपमा स्थापित मठ मन्दिर तथा धार्मिक स्थलहरु रहेका छन् । यस अनुरुप यस गाउँपालिकाको खार्पूमा रहेको शिव मन्दिर, वडा नं ४ मा रहेको ल्वासुर मन्दिर र हिल्सा मन्दिर, वडा नं ५ मा रहेको भवानी मन्दिर, वडा नं १ को प्युसमा रहेको देवि मालीका भवानी मन्दिर जस्ता चर्चीत तिर्थ स्थल तथा धार्मीक स्थल रहेका छन् । धार्मिक रुपमा हिन्दु धर्मालम्बिहरुको उच्च बाहुल्यता रहेको यस्ता क्षेत्रमा मानाईने चाडपर्वहरुमा , जनैपुर्णीमा, अनन्ते पुर्णीमा, कोजागत पुर्णीमा, माघे सक्राँती रहेको छन् भने अन्य पर्वहरुमा, नेपालीको महान चाड विजया दशैं, तिहार, चैते दशैं, श्रीकृष्ण जन्माष्टमी, तिज, भुवो औसी, आदी पर्वहरु भव्य रुपमा मनाईन्छन् ।

## १.७.जातजाती, भेषभुषा तथा पहिरन

यस गाउँपालिकामा विभिन्न किसिमका जातजातीहरुको बसोबास रहेको छ । जसमा क्षेत्री, बाहुन, ठकुरी, जनजाती, दलितहरु रहेको छन् । यहाँका बासिन्दाको मुख्य भाषा भनेको नेपाली रहेको छ । यहाँका मानिसहरुले नेपाली पोषाक देखी लियर स्थानीय पहिरनहरु, महिलाहरुले लुङ्गी, धोती, फरिया, सारी, गुन्यू चोली र कुर्ता लागाउने गर्छन् भने, पुरुषहरुले दौरा सुररुवाल, पईन्ट , सर्ट, टोपी, कोट र जकेटहर लगाउने गर्दछन् ।

## १.८. माटो, खनिज पदार्थ र वनस्पती

यहाँको भु बनोट तथा जमिनमा विशेष गरी कालो, रातो र निलो रङ्को पाईन्छ । प्राङ्गारिक देखी लियर रुखो माटो तथा दुमट, बलौटे र चिम्ट्याईलो माटो यहाँको माटो रहेको छ । यस माटोमा विभिन्न किसिमका बालाी नाली तथा रुखविरुवाहरु उम्रने, हुर्कने र बढ्ने गर्दछन् । विभिन्न रुखविरुवाहरु जस्तै सल्ला , धुपी, पिपल, गोब्रे सल्ला, लालीगँरास, बाँच, र अन्य विभिन्न प्रजातीका झाडी तथा बुट्यानहरु पाईने गर्दछन् ।

## १.९. गाउँपालिकाका अवसर र चुनौतीहरु

### अवसर

खार्पूनाथ गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक तथा पूर्वाधार विकास, वन,वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास तथा सुशासनको विद्यमान स्थिति, सम्भावना, समस्या, चुनौति,तत्कालिन असरको विषयगत रुपमा थुप्रै अवसर र चुनौतीअरु रकेका छन् । भौगोलिक तथा जैविक विविधताले उपलब्ध गराएका विभिन्न सम्भाव्यताहशर हुनु, विदेशबाट फर्किएका युवाहरु, सिप, ज्ञान, पुँजी र उन्नत प्रविधि सहित कृषि क्षेत्रमा आर्कषित हुँदै जानु, स्थानीय वस्तुको लाभ लिन सक्ने वुस्तुको खोजी गर्नु , पर्याप्त पर्यटकिय सूचनाको व्यवस्था गर्नु, खानेपानिका संरचना विकास तथा विस्तारमा स्थानीउ सरोकारवाला निकाय, अन्तर्राष्ट्रि गैरसरकारी तथा उपभोक्ता समिति र नागरिकहरुको सहभागीता बढ्दै जानुका साथै दक्ष स्वास्थ्य कर्मी तथा अत्याधुनिक प्रविधि र उपकरणहरुको उपलब्धता हुँदै जानु मुख्य अवसरहरु रहेका छन् ।

### चूनौतिहरु

अव्यवस्थित सहरीकरण, जग्गाको खण्डिकरण, घडेरीकरण, दोहोरो भु स्वामित्वको स्थिती र जग्गा बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गर्दै कृषि भुमीलाई प्रयेगमा ल्याउने प्रमुख चुनौति रहेको छ भने, औद्योगिक क्षेत्रमा गुणस्तरियता कायम गर्न नसक्नु, तल तथा पेट्रोलियम पदार्थमा आत्मनिर्भर हुन नसक्नु , स्वास्थ सेवालाई प्रभावकारी रुपमा सुचारु गर्न नसक्नु, अव्यवस्थित वस्ति विकासका कारण खानेपानिका स्रोतहरु सुक्दै जानु, स्रोत प्रदुषित हुनु, आयोजनाहरु समयमै सम्पन्न हुन नसक्नु महिला हिंसा, जातिय, क्षेत्रीय, र वर्गीय विभेद अझै समाप्त नहुनु जस्ता थुप्रै चुनौतिहरु रहेका छन् ।

# खण्ड (ख)

## १. खार्पूनाथ गाउँपालिका कृषि विकास शाखा

### १.१. परिचय

नेपालको संघिय संरचना अनुसार वि.स. २०७३ सालमा गाउँपालिकाको स्थापना संगै यस अन्तर्गत रकेको कृषि विकास शाखाको पनि स्थापना भएको हो । कृषि विकास शाखा स्थापना भए संगै यस गाउँपालिकामा विभिन्न तरकारीका विउ विजन, फलफुलका विरुवा, कृषि सामाग्रीहरु र विभिन्न किसिमका कार्यक्रमहरु संचालन भईरकेका छन् । जसले गर्दा यहाँको कृषि विकास तथा कार्यमा केही सहजता पुगेको छ । नेपालको एकमात्र राष्ट्रिय संजालले नजोडिएको अति दुर्गम हुम्ला जिल्ला अन्तर्गत रहेको यस गाउँपालिका कृषि क्षेत्रको गतिशिल विकासको लागी यहाँको भु बनोट, जनशक्ति अभाव जस्ता विभिन्न कारक तत्वहरुले गर्दा बाधा अवरोध बनाईरहेका छन् ।

यहाका कृषकहरुको जिवन निर्वाहको लागी मुख्य पेशाा नै कृषि रहेको छ । यस गाउँपालिकाका विभिन्न स्थानमा खाद्यन्न वालिहरु धान, गँहु, मकै , कोदो, फापर, चिनो आदी र फलफुल वालीमा मुख्य गरी स्याउ, ओखर, आरु र आरुबखडा आदी खेती गरिन्छ । तरकारी वालीमा मुख्य गरी आलु, काउली, बन्दा, रायो, गोलभेडा, खुर्सानी, प्याज लगाएत अन्य दलहन बालीमा सिमी, भटमास, मास, केराउ आदी यहाँका कृषकहरुले खेती गर्दै आएका छन् ।

### १.२ पृष्टभुमी

जनसङ्ख्याको अधिकांश संख्या हिस्सा रोजगारी तथा जीविकाको लागि कृषिमा निर्भर रहेको एवम् कृषि क्षेत्रमा साना र मझौला किसानहरूको बढी संलग्नता रहेको छ । मूलतः कृषि प्रणाली निर्वाहमुखी हुनु र यसमा संलग्न श्रमिकहरूको उत्पादकत्व निकै कम रहँदा यस क्षेत्रबाट श्रमशक्तिको पलायन बढ्दो छ। सिंचाइ सुविधाको अभावमा कृषि क्षेत्रमा उपलब्धि गुमिरहेको छ । कतिपय स्थानमा सुख्खा खडेरीले खाद्यान्न उत्पादनमा प्रतिकूल प्रभाव परेको छ। नेपालको संविधानले खाद्यसम्बन्धी अधिकारलाई मौलिक हककारूपमा प्रत्याभूत गरेको सन्दर्भमा प्राकृतिक तथा अन्य सङ्कटका कारण उत्पन्न हुनसक्ने खाद्य सङ्कटको अवस्थालाई मध्यनजर गर्दै प्रमुख खाद्यान्नको आत्मनिर्भरताका लागि आवश्यक व्यवस्था गर्नुपरेको छ। गाउँपालिकाको भौगोलिक परिवेश, उपलब्ध कृषि शिक्षा, अनुसन्धान, उन्नत बिउबिजन र प्रविधि, स्रोतसाधन, कृषि उद्यमी, युवा तथा सीमान्त कृषक वर्गको चाहना, तुलनात्मक लाभ र स्थानीय आवश्यकता तथा गाउँपालिकाले जिल्लास्तरमा गरेका सम्झौता, प्रतिबद्धता, लक्ष्य तथा नीतिहरूमा गरेका प्रतिबद्धतालाई ध्यानमा राख्दै कृषिजन्य उत्पादन एवम् व्यापारमा प्रतिस्पर्धा,व्यवसायीकरण, यान्त्रिकीकरण र विविधीकरण गरी कृषि क्षेत्रको रूपान्तरण गर्नु जरुरी छ । साथै सरकारी, सहकारी र निजी साझेदारीको अवधारणा अङ्गीकार गर्दै कृषि पेशालाई उच्च सम्मानजनक बनाई आयआर्जन तथा रोजगारी सिर्जना, गरिबी न्यूनीकरण, व्यापार सन्तुलन, दिगो र सन्तुलित विकास, खाद्य तथा पोषण सुरक्षामा जोड दिनु आवश्यक छ ।

बढ्दो जनसङ्ख्याको चापलाई धान्न सक्ने गरी खाद्य तथा अन्य आधारभूत आवश्यकता पूरा गर्न कृषि उत्पादन र उत्पादकत्व बढाउनुपर्ने स्थिति रहेको छ । तथापि गाउँपालिकामा हरेक वर्ष कृषिजन्यवस्तुहरूको आयातलाई अपेक्षित मात्रामा न्यूनीकरण गर्न सकिएको छैन। वैदेशिक रोजगारीका लागि युवा जनशक्तिको पलायन,

कृषि सामग्री आपूर्तिको कमजोर स्थिति, माटोको उत्पादकत्वमा ह्रास, कृषिमा यान्त्रिकीकरणको अभाव र बढ्दो लागत, आयातित कृषिजन्य वस्तुहरूसँगको प्रतिस्पर्धा, कृषिभूमिको अत्याधिक खण्डीकरण, अव्यवस्थित बसोबासले भू-उपयोगमा भइरहेको परिवर्तन र जलवायु परिवर्तनजस्ता कारणले कृषि क्षेत्रमा आशातीत उपलब्धि हासिल हुन सकेको छैन ।

## १.३ प्रमुख समस्या

कृषि उत्पादकत्व वृद्धि गर्न अपरिहार्य स्रोत-साधन र सामग्रीहरूको न्यून उपलब्धता, आवश्यक भौतिक पूर्वाधारहरू जस्तै सिंचाइ, सडक, कृषि बजार, शीत भण्डार, गोदाम घर, चिस्यान केन्द्र, संकलन केन्द्र तथा बिजुली आदिको अपर्याप्तता मूल समस्याका रूपमा देखिएका छन ु। कृषिजन्य उत्पादनमा आशातित उपलब्धि हासिल गर्न अत्यावश्यक उन्नत नश्ल तथा बीउको प्रतिस्थापन दर पनि अत्यन्तै कम छ । यसको अतिरिक्त जमिनको तिव्र खण्डीकरण प्रमखु समस्याको रूपमा रहेको छ । कृषि प्रविधि पर्याप्त मात्रामा विस्तार नहुनु,कृषि पकेट क्षेत्र नतोकिनु पनि यस क्षेत्रको कृषिको समस्याको रुपमा रहेको छ । यसै गरी बर्षौ देखिको एकै प्रकारको बाली उत्पादन तरिका र बाली,कमशल खालको मल, भिरालो जमिन र आकाशे पानीको भरमा खेती गर्नु पनि कृषि क्षेत्रको समस्याको रुपमा रहेका छन् ।

## १.४ अवसर र चुनौती

### अवसर

भौगोलिक तथा जैविक विविधताले उपलब्ध गराएका विभिन्न सम्भाव्यताहरू हुनु, कृषि विकासको स्पष्ट मार्गदर्शनका रूपमा रहेको कृषि विकास रणनीति तय गरेर कार्यान्वयन गर्न सकिने,प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सुरुवात हुनु, विदेशबाट फर्किएका युवाहरू सीप, ज्ञान, पुँजी र उन्नत प्रविधिसहित कृषि क्षेत्रमा आकर्षित हुँदै जानु, जैविक कृषि र कृषि वनप्रति किसानहरूको आकर्षण बढ्नु, व्यापारको पहुँच एवम् ठूला संस्थागत र अन्य निजी क्षेत्रहरू समेतको यस क्षेत्रमा आकर्षण बढ्दै जानु कृषि क्षेत्रका अवसर हुन् । यातायातका सुविधा बढ्दै जानुका अतिरिक्त पछिल्ला वर्षहरूमा कृषि ऋण, कृषि बिमा,नयाँ प्रविधिहरूको उपयोग र सिँचाइ सुविधामा विस्तारले समेत यस क्षेत्रमा थप अवसरहरू सिर्जना हुँदैछन् ।

### चुनौतीहरु

अधिकांश कृषकहरू साना र मझौला स्तरका भएको हुँदा जलवायु परिवर्तन र विभिन्न प्राकृतिक प्रकोपसँग जुध्ने क्षमता विकास गर्नु र वर्षेनी युवा जनशक्तिको विदेश पलायनले गर्दा कृषि क्षेत्रमा परेको नकारात्मक असरलाई सम्बोधन गर्नुका साथै अव्यवस्थित सहरीकरण, जग्गाको खण्डीकरण, घडेरीकरण, दोहोरो भू-स्वामित्वको स्थिति र जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै कृषिभूमिलाई उपयोगमा ल्याउनुपर्ने चुनौती छ । स्थानीय बालीनालीमा कमी र स्थानीय खानेकुराको उपयोगमा सोचेअनुसार प्रगति हुन नसक्नु अर्को चुनौती हो । त्यस्तै कृषि क्षेत्रमा भएको लगानी, कृषि ऋणको सहज उपलब्धता, कृषि प्रसार सेवामा कृषकहरूको पहुँचमा वृद्धि र कृषिजन्य वस्तुहरूको उत्पादन, वितरण, आयात एवम् निर्यातलाई लागत-प्रभावी बनाउनु, गुणस्तर एवम् स्वच्छता नियमन कार्य प्रभावकारी तुल्याउँदै कृषिजन्य वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्नु, गुणस्तरीय बिउ, मलखाद, कीटनाशक तथा साना र मझौलास्तरका कृषियन्त्रको सुलभता, कृषि सामग्रीको समयानुकूल आपूर्ति बढाउनु र कृषि पेशालाई प्रतिस्पर्धी, नाफामूलक, सम्मानजनक र व्यावसायिक रूपमा स्थापित गर्नु पनि चुनौतीपूर्ण छन् ।

### १.५ सोच, लक्ष्य तथा उद्धेश्य, र रणनीति

**क) सोच**

कृषिमा आधुनिकिकरण सहितको ब्यबसायीकरण र खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूति ।

**ख) लक्ष्य**

दिगो र व्यावसायिक विकासद्वारा कृषि क्षेत्रलाई प्रतिस्पर्धी र आयआर्जन उन्मुख बनाउने ।

**ग) उद्देश्य**

- कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषि उपजमा आत्मनिर्भर उन्मुख हुनु ।
- निर्वाहमुखी कृषि प्रणालीलाई नाफामूलक, दिगो एवम् व्यावसायिक प्रणालीमा रूपान्तरण गर्नु ।
- कृषिमा आधारित उद्योगको विकास गरी रोजगारी र आम्दानी वृद्धि गर्नु ।
- कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी स्थानीय अर्थतन्त्रमा टेवा पुऱ्याउनु ।

**घ) रणनीति**

- कृषि क्षेत्रको उत्पादकत्व र प्रतिस्पर्धी क्षमता विकास गर्ने ।
- तुलनात्मक लाभ हुनसक्ने स्थानीय बालीनाली र आधारभूत खाद्य वस्तुको उत्पादनबाट आधारभूत आय हासिल गर्ने
- कृषि क्षेत्रको अतिरिक्त श्रमशक्तिलाई कृषि तथा गैरकृषिमा आधारित सेवा र उद्योग क्षेत्रतर्फ आकर्षित गरी यस क्षेत्रमाथिको निर्भरता कम गर्ने ।
- जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै वातावरणमैत्री कृषि प्रविधिको विकास र विस्तार गर्ने ।
- कृषि तथा पशुसेवामा प्रयोग भइरहेको स्थानीय सिपलाई आधुनिक सिप र प्रविधिमा अनुमिलन गराइ दिगो कृषि विकास गर्ने,
- सिंचाइका उपयुक्त प्रविधि समेतको उपयोग गरी सिंचित क्षेत्र विस्तार गर्ने ।

## २. खार्पुनाथ गाउँपालिका कृषि विकास शाखामा कार्यरत कर्मचारीको विवरण :

| सि.नं | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | हर्कबिर रावल | कृषि शाखा प्रमुख (ना.प्रा.स.) |
| २. | सुरेश ऐडि | ना.प्रा.स |
| ३. | देविसिङ रावल | कार्यालय सहयोगी |

**३. यस गाउँपालिकाको कृषि क्षेत्रमा भएको भु उपयोगको स्थीती :**

| सि.नं. | विवरण | क्षेत्रफल (हे.) | |
|---|---|---|---|
| | | आ.व. २०७६/०७७ | आ.व.२०७७/०७८ |
| १. | कुल खेतीयोग्य जमिनको क्षेत्रफल | १३२० हे. | **१९६२.५ हे.** |
| २. | खेतीगरिएको खेती योग्य जमिनको क्षेत्रफल | ८९५ ह | **१५९५ हे.** |
| ३. | खेती नगरिएको बाँझो जमिनको क्षेत्रफल | ४२५ हे. | **३६७.५ हे.** |
| ४. | कुल खेत भएको जमिन क्षेत्रफल | ३७ हे. | **४० हे.** |
| ५. | कुल पाको जमिनको क्षेत्रफल | १२८३ हे. | **१९२२.५ हे.** |
| ६. | सिंचित जमिनको क्षेत्रफल | १०८ हे. | **४९२.५ हे.** |
| ७. | थप सिंचित हुन सक्ने जमिनको क्षेत्रफल | ५४५ हे. | **५७० हे.** |
| ८. | समथर जमिनको क्षेत्रफल | १०६ हे. | **१३० हे.** |
| ९. | भिरालो जमिनको क्षेत्रफल | ६५६ हे. | **१२२७ हे.** |
| `१० | चाहर जमिनको क्षेत्रफल | ५५८ हे. | **६०५ हे.** |
| **जम्मा कृषि जन्य जमिनको कुल क्षेत्रफल** | | **१३.२० हे.** | १९६२.५ हे. |

**४. यस गाउँपालिकामा जम्मा कृषक घरधुरी र कषक संख्याको अवस्था :**

**क) कृषक घरधुरी संख्या**

| विवरण | आ.व. २०७६/२०७७ | आ.व. २०७७/०७८ |
|---|---|---|
| **जम्मा कृषक घरधुरी संख्या** | **१३२०** | **१४२८** |

**ख) कृषिमा आधारित कृषक संख्या :**

| विवरण | आ.व. २०७६/२०७७ | आ.व. २०७७/०७८ |
|---|---|---|
| **महिला कृषक संख्या** | **२३६५ जना** | **३०४५ जना** |
| **पुरुष कृषक संख्या** | **१७१२ जना** | **१७५४ जना** |
| **जम्मा कृषक संख्या** | **४०७७ जना** | **४७९९ जना** |

## ५. कृषक फर्म/समुह तथा सहकारीमा आबद्ध रहेका सदस्य सम्बन्धि विवरण :

### ५.१ कृषक समुहको विवरण

### क) खार्पूनाथ गाउँपालिका कृषि विकास शाखा मार्फत दर्ता भएका समुहको विवरण

| सि.नं | कृषक समुहको नाम | ठेगाना | सदस्य संख्या | | जम्मा सदस्य | दर्ता मिति |
|---|---|---|---|---|---|---|
| | | | महिला | पूरुष | | |
| १. | सिताराम कृषि उत्पादन कृषक समुह | खार्पूनाथ ४ छिप्रा | ८ | ७ | १५ | २०७६/०५/२५ |
| २. | सेराडिल महिला कृषक समुह | खार्पूनाथ २ थाली | १७ | ० | १७ | २०७६/०६/०७ |
| ३. | महादेव कृषक समुह | खार्पूनाथ ४ | ८ | ९ | १७ | |
| ४. | भुवाखाडा उपयोगी कृषक समुह | खार्पूनाथ ५ याङ्चु | ७ | ८ | १५ | २०७६/१०/०७ |
| ५. | कैलाश भुवानी कृषि तथा पशुपालन समुह | खार्पूनाथ १ प्युस | १७ | ० | १७ | २०७७/०३/०३ |
| ६. | खार्पूनाथ महिला कृषक समुह | खार्पूनाथ ५ खर्पेलगाउँ | १९ | १ | १९ | २०७७/०६/०५ |
| ७. | देविजुवार्न कृषि तथा पशुपालन समुह | खार्पूनाथ १ लाली | ६ | ९ | १७ | २०७७/०३/०३ |
| ८. | हिमाली दलित हिमाली कृषक समुह | खार्पूनाथ ५ बाम्टा | २ | २३ | २५ | २०७६/११/११ |
| ९. | ल्वासुर महिला कृषक समुह | खार्पूनाथ ४ छिप्रा | १५ | ० | १५ | २०७६/०६/१२ |
| १०. | फुलबारी ग्रामिण कृषि तथा कुखुरापालन समुह | | | | | |
| ११ | प्रगतिशिल महिला कृषक समुह | खार्पूनाथ १ प्युस | ६ | ९ | १५ | २०७५/०४/२५ |
| १२. | बिचटोल बहुउद्देशीय कृषक समुह | खार्पूनाथ ५ खर्पेलगाउँ | ३ | १७ | २० | २०७६/०८/०५ |
| १३. | हिल्सा नौधारा सामुदायिक कृषक समुह | खार्पूनाथ ५ | ६ | ९ | १५ | २०७६/१०/१२ |
| १४. | मिलिजुली कृषक समुह | खार्पूनाथ ४ छिप्रा | ८ | ७ | १५ | २०७६/०६/१२ |
| १५. | नौमुले स्याउ फर्म कृषक समुह | खार्पूनाथ ५ दुर्पा | ५ | १० | १५ | २०७६/०७/०३ |
| १६. | मालिका कृषक समुह | खार्पूनाथ १ प्युस | ९ | ६ | १५ | २०७६/०७/०७ |
| १८. | भवानी कृषि तथा पशुपालन समुह | खार्पूनाथ ५ खर्पेलगाउँ | २ | १३ | १५ | २०७६/०५/२५ |
| १९. | जगनाथ कृषि उत्पादन समुह | खार्पूनाथ ४ माजा | ५ | १० | १५ | २०७६/०८/२० |
| २०. | दलित वस्ती लेखमाजा गुम्वाधारा कृषक समुह | खापूनाथ ५ बाम्टा | १६ | १० | २६ | २०७६/११/१३ |
| २१. | कुति हिल्सा कषि तथा पशुपालन फर्म | खार्पूनाथ ३ राया | ६ | ९ | १५ | २०७६/११/१२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२. | शुभकामना कृषक समुह | खार्पूनाथ ४ छिप्रा | ९ | ४ | १३ | २०७६/११/१२ |
| २३. | मनुश्री मौरीपालन कृषक समुह | खार्पूनाथ १ प्युस | ५ | ६ | ११ | २०७६/११/२६ |
| २४. | लुड्प्याखोला मौरी पालन कृषक समुह | खार्पूनाथ ५ याङ्चु | ० | ११ | ११ | २०७६/११/२७ |
| २५. | लाली गुँरास कृषि उत्पादन कृषक समुह | खार्पूनाथ ४ छिप्रा | १२ | ३ | १५ | २०७७/०६/१२ |
| २६. | मिश्रीत चन्दनाथ कृषक समुह | खार्पुनाथ ४ नल्ला | ७ | ३ | १० | २०७६/०८/३० |
| २७. | महादेव कृषक समुह | खार्पूनाथ १ गोप्का | ८ | ९ | १७ | २०७६/०५/२८ |
| २८. | भिम निसाना कृषि तथा पशुपालन समुह | खार्पूनाथ ५ दुर्पा | १४ | २ | १६ | २०७७/०८/२१ |
| २९. | संगताशिल कृषि तथा फलफुल समुह | खार्पूनाथ ५ याङ्चु | १४ | ५ | १९ | २०७६/०६/०७ |
| ३०. | दुधेदह कृषि तथा पशु महिला समुह | खार्पूनाथ ३ राया | २५ | ० | २५ | २०७७/०४/३० |
| ३१. | प्राङ्गारिक कृषि उपज उतपादन प्रशोधन तथा पशुपालन कृषक समुह | खार्पूनाथ १ प्युस | ० | १८ | १८ | २०७७/०६/११ |
| **जम्मा** | **३२** | | २५९ | २१८ | ४७८ | |

**ख) जिल्ला कृषि विकास कार्यालयमा दर्ता भएका कृषक समूह**

| **सि.नं** | **कृषक समुहको नाम** | **ठेगाना** | **सदस्य संख्या** | | **जम्मा सदस्य** | **दर्ता मिति** |
|---|---|---|---|---|---|---|
| | | | महिला | पूरुष | | |
| १. | कुस्याडि फलफुल तथा जडिबुटी कृषक समुह | खार्पूनाथ २ थाली | ४ | ११ | १५ | २०७१/०५/०१ |
| २. | सल्ली कृषक समुह | खार्पूनाथ ५ याङ्चु | ६ | ९ | १५ | २०७३/०४/१२ |
| ३. | ल्वासुर महिला कृषक समुह | खार्पूनाथ ४ छिप्रा | १७ | ० | १७ | २०७४/०४/३२ |
| ४. | मष्टादेव बहुउद्देश्यीय कृषि समुह | खार्पूनाथ लाली | १५ | ० | १५ | २०७२/०९/१५ |
| ५ | खार्पूनाथ महिला कृषक समुह | खार्पूनाथ ५ खर्पेलगाउँ | ३२ | ० | ३२ | २०७२/०१/०१ |
| ६. | रामसिता कृषक समुह | खार्पूनाथ ३ राया | ११ | ० | ११ | २०७२/०५/१८ |
| ७. | सरस्वती कृषक समुह | खार्पूनाथ ४ माजा | १४ | १ | १५ | २०७३/०५/०५ |
| ८. | प्रगतिशिल महिला कृषक समुह | खार्पूनाथ १ प्युस | १३ | ० | १३ | २०७३/०६/०५ |
| ९. | मष्टादेव कृषक समुह | खार्पूनाथ २ थाली | ९ | १२ | २१ | २०७४/०६/२५ |
| १०. | हिल्सा कृषक समुह | खार्पूनाथ ३ कारङ्ग | १० | १ | ११ | २०७१/०१/०३ |
| ११. | लगनशिल महिला कृषक समुह | खार्पूनाथ ५ याङ्चु | १० | १ | ११ | २०७१/०१/१६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२. | प्रगतिशिल कृषक समुह | खार्पनाथ १ गोप्का | ४ | ११ | १५ | २०७३/१०/०२ |
| १३. | महादेव कृषक समुह | खार्पूनाथ १ लाली | १३ | ११ | २४ | २०७३/११/२७ |
| १४. | देवि भुवानी जालापादेवि कृषक समुह | खार्पूनाथ ५ खर्पेलगाउँ | १२ | ३ | १५ | २०७४/०४/२० |
| १५ | कुलीबाद महिला कृषक समुह | खार्पूनाथ १ प्युस | १५ | ० | १५ | २०७३/१०/१९ |
| १६. | याङ्चु जिउला कुषक समुह | खार्पूनाथ ५ याङ्चु | ४ | ११ | १५ | २०७३/०९/२० |
| १७. | सहयोगी यूवा कृषक समुह | खार्पूनाथ १ गोप्का | ५ | ५ | १० | २०७३/११/०३ |
| १८. | स्यालावाडा गँहु बिउ कृषक समुह | खार्पूनाथ ५ याङ्चु | १९ | ६ | २५ | २०७३/०९/२० |
| १९. | माङ्खाडा प्राङ्गारीक कृषक समुह | खार्पूनाथ १ गोप्का | ३ | १० | १३ | २०७४/०४/२४ |
| २०. | बुर्का सैन कृषक समुह | खार्पूनाथ ५ खर्पेलगाउँ | २२ | ० | २२ | २०७२/०५/१६ |
| २१. | दलित प्रगतिशिल कृषक समुह | खार्पूनाथ ३ कारङ्ग | ८ | १८ | २६ | २०७२/१२/०४ |
| २२. | पानीमुल तरकारी फलफुल तथा तरकारी कृषक समुह | खार्पूनाथ ४ छिप्रा | ५ | १५ | १५ | २०७३/११/१० |
| २३. | राता ढुङ्गा कृषक समुह कृषक समुह | | ० | १२ | १२ | २०६९/०५/१४ |
| २४. | भवानी महिला कृषक समुह | खार्पूनाथ ५ खर्पेलगाउँ | २६ | ० | २६ | २०७२/०१/०१ |
| २५. | मालिका फलफुल तथा तरकारी कृषक समुह | खार्पूनाथ १ लाली | ७ | ८ | १५ | २०७४/०४/१५ |
| जम्मा | २५ | | २६४ | १४५ | ४२४ | |

## ५.२. कृषि सहकारीको विवरण :

| सि.नं | कृषक सहकारी को नाम | ठेगाना | सदस्य संख्या | | जम्मा सदस्य | दर्ता मिति |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | | |
| १. | **देविमालीका कृषि सहकारी संस्था** | खार्पूनाथ गा.पा.१ लाली | २८५ | ८५ | ३७० | |
| २. | कर्णली कृषि सहकारी संस्था | ,, ,, ४ छिप्रा | १०० | ५४ | १५४ | |
| ३. | बिचटोल बहुद्देश्यीय कृषि सहकारी संस्था | ,, ,, ५ खर्पेलगाउँ | ३३ | ३८ | ७१ | |
| ४. | **शिव पार्वती महिला बहुउद्देश्यीय सहकारी संस्था** | ,, ,, ५ खार्पूनाथ | २४० | ० | २४० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **५.** | उज्यालो कृषि तथा बहुउद्देश्यि सहकारी संस्था | ,, ,, ४ छिप्रा | ३६ | ० | ३६ जना | |
| **६.** | दुधेदह प्राङ्गारिक कृषि सहकारी संस्था | ,, ,, ३ राया | १३८ | ९२ | २३० | |
| **७.** | यूवा प्राङ्गारिक सहकारी संस्था | ,, ,, १ गाप्का | २९ | २५ | ५४ | |
| **८.** | हिल्सा कृषि सहकारी संस्था | ,, ,, २ थाली | २० | २५ | ४५ | |
| **जम्मा** | **८** | | ८८१ | ३१९ | १२०० | |

**५.३ कृषक फर्म/उद्यमीका् विवरण :**

| **सि.नं** | **कृषक फर्म/उद्यमीको नाम** | **ठेगाना** | **प्रोपोराईटरको फोन नम्बर** | **दर्ता मिति** |
|---|---|---|---|---|
| १. | **शैलेषा कृषि तथा पशुपालन फर्म** | **खार्पुनाथ ५ खर्पेलगाँउ** | **९८४८३४१३६४** | |
| २. | **दान कृषि तथा पशुपालन फर्म** | **खार्पूनाथ ५, छिप्रा** | **९८४८३८५०८४** | २०७७।०४।०७ |
| ३. | **प्रगति कृषि तथा पशुफलन फर्म** | **खार्पुनाथ ४ छिप्रा** | **९८६४७८१५५३** | २०७७।०४।०७ |
| ४. | **काल पहडा कृषि तथा पशुपालन फर्म** | **खार्पूनाथ १ गोप्का** | **९८४८३१७१०८** | |
| ५. | **बाँचपुरी कृषि तथा पशुपालन फर्म** | **खार्पूनाथ १ गोप्का** | | |
| ६. | **हिमालयन कृषि तथा पशुपालन फर्म** | **खार्पूनाथ १ प्युस** | | |
| ७. | **अर्गानिक कृषि ताथ पशुपालन फर्म** | **खार्पूनाथ ५ खर्पेलगाउँ** | **९८६८३१०९४९** | |
| ८. | **शान्ति कृषि तथा पशुपन्छी फर्म** | **खार्पूनाथ ५ याङ्चु** | **९८६८३९४७३६** | |
| ९. | **यूनिसा कृषि तथा पशुपालन फर्म** | **खार्पूनाथ १ लाली** | **९८६५०७०३२४** | |
| १०. | **शान्ति कृषि तथा पशुपालन फर्म** | **खार्पूनाथ १ प्युस** | **९८४८३२६०१४** | |
| ११. | **सक्षम कृषि तथा पशुपालन फर्म** | **खार्पूनाथ १ गोप्का** | **९८४१८५७७२२** | २०७७।०६।२५ |
| १२. | **नवदुर्गा कृषि तथा पशुपालन फर्म** | **खार्पूनाथ २ थाली** | | |
| १३. | **विजया कृषि तथा पशुपालन फर्म** | **खार्पूनाथ ४ नल्ला** | **९८६०६२२३६६** | २०७६।०९।०७ |
| १४. | **किरान कृषि तथा पशुपालन फर्म** | **खार्पूनाथ १ चिसामुल** | **९८४८३२६२९९** | २०७७।०४।०७ |
| १५. | **भवानी कृषि तथा पशुपालन फर्म** | **खार्पूनाथ १ लाली** | **९८६५६६१७०३** | २०७७।०४।०७ |
| १६. | **देवि जुवार्न कृषि तथा पशुपालन फर्म** | **खार्पूनाथ १ गोप्का** | | |
| १७. | **कृष्ण चन्द्र कृषि तथा पशुपालन फर्म** | **खार्पूनाथ १ प्युस** | | |
| १८. | **विधान कृषि तथा पशुपालन फर्म** | **खार्पूनाथ ४ छिप्रा** | **९८४६१०७१६६** | २०७६।०५।०१ |
| १९. | **सम्भना कृषि तथा पशुपालन फर्म** | **खार्पूनाथ ४ छिप्रा** | **९८४२६६५४१७** | |
| २०. | **सागर कृषि तथा जडिबुटी फर्म** | **खार्पूनाथ ५ खर्पेलगाउँ** | **९८४८३३६८०६** | २०७६।०७।१७ |

| | | | | |
|---|---|---|---|---|
| २१. | अमृत कृषि तथा पशुपालन फर्म | खार्पूनाथ ५ खर्पेलगाउँ | ९७४८९०१२८५ | २०७६।११।२० |
| २२. | दिपेश एण्ड अमर स्याउ फर्म | खार्पूनाथ ४ माजा | ९८६३१४३२५५ | |
| २३. | पानिमुल कृषि तथा पशुपालन फर्म | खार्पूनाथ ५ दुर्पा | ९८६८३७०७८० | |
| २४. | दुर्पा पशुपालन तथा कृषि फर्म | खार्पूनाथ ५ दुर्पा | | |
| २५. | फेमस कृषि पशुपालन तथा जडिबुटी फर्म | खार्पूनाथ ५ दुर्पा | ९७४८११७५५० | २०७६।०५।३१ |
| २६. | कैलास कृषि तथा पशुपालन फर्म | खार्पूनाथ १ प्युस | ९८४८३२६१०० | |
| २७. | जोरगोठ कृषि तथा पशुपालन फर्म | खार्पूनाथ ४ माजा | ९८४८१०१६०७ | २०७७।११।२१ |
| २८. | दिपेन्द्र कृषि तथा पशुपन्छि फर्म | खार्पूनाथ १ प्युस | ९८६४७८३९७१ | |
| २९. | सूर्जन सिल कृषि तथा पशुपालन फर्म | खार्पूनाथ ४ छिप्रा | ९८४०६७५६२४ | २०७७।०४।१२ |
| ३०. | गौरव कृषि, पशुपाल तथा जडिबुटी फर्म | खार्पूनाथ ५ खर्पेलगाउँ | ९८६८३११५३६ | |
| ३१. | स्वालम्वी एकिकृत  पशुपालन तथा जडिबुटी फर्म | खार्पूनाथ ५ खर्पेलगाउँ | ९८५११५०८४९ | |
| ३२.. | सुस्मा कृषि तथा पशुपालन फर्म | खार्पूनाथ ४ माजा | ९८६०६९०७७७ | २०७७।०५।२५ |
| ३३. | फ्युचर लाईफ स्टार अर्गानिक एग्रो प्रा.ली | खार्पूनाथ १ गोप्का | ९८४८३०७७२३ | |
| ३४. | माङ्खाडा प्राङगारिक कृषक समुह | खार्पूनाथ १ गोप्का | ९८४८३०७७२३ | |
| ३५. | परेक कृषि तथा पशुपालन फर्म | खार्पूनाथ ५ खर्पेलगाउँ | ९८४८३१३९३६ | |
| ३६ | जे.एस कन्सट्रक्सन एण्ड सप्लायर्स | खार्पूनाथ २ थाली | ९८४८१३८४६९ | |
| ३७. | सपना कृषि तथा पशुपालन फर्म | खार्पूनाथ २ थाली | ९८४८१३८४६९ | |
| ३८ | जे. एस. कन्ट्रक्सन एण्ड सप्लार्य | खार्पूनाथ २ थाली | | |
| ३९. | दुधेदह कृषि,पशु, मौरीपालन तथा जडिबुटी उत्पादन फर्म | खार्पूनाथ ४ लेख | ९८४८३६४८९९ | २०७६।०२।१० |
| ४०. | मिनजडि स्याउ खेती व्यवसाय फर्म | खार्पूनाथ ५ याङ्चु | ९८४०५६९९१८ | |
| ४१.. | शान्ति कृषि तथा पशुपालन फर्म | खार्पूनाथ ५ याङ्चु | ९८६८३९४७३६ | |
| ४२. | ल्यागल्याग कृषि, पशुपालन तथा जडिबुटि फर्म | खार्पूनाथ ३ कारङ्ग | ९८५११४८२९० | २०७७।०९।२० |
| ४३. | सार्थक कृषि तथा पशुपालन फर्म | खार्पूनाथ ३ राया | ९८६०८२८००३ | |
| ४४. | खगेन्द्र कृषि तथा पशुपालन फर्म | खार्पूनाथ ३ राया | ९८६८७४३६१३ | |
| ४५. | खौला कृषि तथा पशुपालन फर्म | खार्पूनाथ ३ कारङ्ग | ९८६८३१७२५२ | |
| ४६. | शुमन कृषि तथा पशुपालन फर्म | खार्पूनाथ ३ राया | ९८४१०३४९८९ | |
| **जम्मा** | ४६ | | | |

## ६. विभिन्न कृषि वस्तुले ओगटेको क्षेत्रफल र उत्पादन विरण :

### ६.१. खाद्यन्न बाली :

| सि.नं | बालीहरुको नाम | लगाईएको क्षेत्रफल (हे.) | उत्पादन परिमाण (मे.ट.) | कैफियत |
|---|---|---|---|---|
| १. | धान | १०.५० हे. | ७१.३ मे.ट. | |
| २. | गहुँ | १९.२० हे. | ८५.५६ मे.ट. | |
| ३. | मकै | १६ हे. | ६८.४३ मे.ट. | |
| ४. | कोदो | ३५ हे. | १४९.९५मे.ट. | |
| ५. | जौ | ४ हे. | ३२.७९ मे.ट. | |
| | **जम्मा** | **८४.७ हे.** | **४०८.०३ मे.ट.** | |

### ६.२. रैथाने बाली :

| सि.नं | बालीहरुको नाम | लगाईएको क्षेत्रफल (हे.) | उत्पादन परिमाण (मे.ट.) | कैफियत |
|---|---|---|---|---|
| १. | चिनो | १७ हे. | ६५.८५ मे.ट. | |
| २. | फापर | ७ हे. | २३.४५ मे.ट. | |
| ३. | उवा | १३ हे. | ६१.४६ मे.ट. | |
| ४. | कागुनो | २.६ हे. | २१.३९ मे.ट. | |
| ५. | लट्टे | ०.०६ हे. | ०.३० मे.ट. | |
| | **जम्मा** | **३९.६६ हे.** | **१७२.४५ मे.ट.** | |

### ६.३. दलहन बाली :

| सि.नं | बालीहरुको नाम | लगाईएको क्षेत्रफल (हे.) | उत्पादन परिमाण (मे.ट.) | कैफियत |
|---|---|---|---|---|
| १. | सिमी | २७ हे. | ९९.८२ मे.ट. | |
| २. | भटमास | ५ हे. | २८.५२ मे.ट. | |
| ३. | मास | २ हे. | १९.९६ मे.ट. | |
| ४. | केराउ | ०.४ हे. | २.८५ मे.ट. | |
| ५. | गुँरास | ०.०१ हे. | ०.६१ मे.ट. | |
| ६. | गहत | ०.०१ हे. | ०.१४ मे.ट. | |
| | **जम्मा** | **३४.४२ हे.** | **१५१.९ मे.ट.** | |

### ६.४.तरकारी बाली :

| सि.नं | बालीहरुको नाम | लगाईएको क्षेत्रफल (हे.) | उत्पादन परिमाण (मे.ट.) | कैफियत |
|---|---|---|---|---|
| १. | आलु | १९ हे. | ६४.१७ मे.ट | |
| २. | काउली | ०.५६ हे. | ७.१ मे.ट | |

| | | | | |
|---|---|---|---|---|
| ३ | बन्दा | ०.५८ हे. | ८.५ मे.ट | |
| ४. | गोलभेडा | ०.८ हे. | ७.८ मे.ट | |
| ५. | रायो | ०.४४ हे. | १४.२६ मे.ट | |
| ६. | स्वि साग | ०.०२ हे. | २.११ मे.ट | |
| ७. | पालुङ्गो | ०.०२ हे. | १.५५ मे.ट | |
| ८. | मुला | ०.००१ हे. | ०.०१ मे.ट | |
| ९. | गाँजर | ०.३० हे. | २.८ मे.ट | |
| १०. | काँक्रा | ३.९ हे. | २८.५२ मे.ट | |
| ११. | फर्सी | ५ हे. | ५७.०४ मे.ट | |
| | **जम्मा** | **३०.६२१ हे.** | **१९३.८६ मे.ट** | |

**६.५. मसला बाली :**

| सि.नं | बालीहरुको नाम | लगाईएको क्षेत्रफल (हे.) | उत्पादन परिमाण (मे.ट.) | कैफियत |
|---|---|---|---|---|
| १. | प्याज | २.३ हे. | १४.३३ मे.ट. | |
| २. | लसुन | ०.५९ हे. | ७.१ मे.ट. | |
| ३. | खुर्सानी | ९.१० हे. | २१.३९ मे.ट. | |
| ४. | धनियाँ | ०.१७ हे. | ५०.८५ मे.ट. | |
| | **जम्मा** | **१२.१६ हे.** | **९३.६७ मे.ट.** | |

**६.६ फलफुल बाली :**

| सि.नं | बालीहरुको नाम | लगाईएको क्षेत्रफल (हे.) | उत्पादन परिमाण (मे.ट.) | कैफियत |
|---|---|---|---|---|
| १. | स्याउ | ६.५ हे. | १४.२६ मे.ट. | |
| २. | दाँते ओखर | ०.५१ हे. | ४.२७ मे.ट. | |
| ३. | आरु | १.२ हे. | ५.७० मे.ट. | |
| ४. | आरुबखडा | ०.४० हे. | १.२३ मे.ट. | |
| ५. | निवुवा | ०.१५ हे. | ०.७० मे.ट. | |
| ६. | कागती | ०.२ हे. | ०.४० मे.ट. | |
| ७. | नास्पती | ०.०० हे. | ०.०० मे.ट. | |
| | **जम्मा** | **८.९६ हे.** | **२६.५६ मे.ट.** | |

**६.७. माछा तथा महको विवरण :**

| सि.नं | बालीहरुको नाम | लगाईएको क्षेत्रफल (संख्या/ वर्ग मिटर) | उत्पादन परिमाण (मे.ट./लिटर) | कैफियत |
|---|---|---|---|---|
| १. | माछा | ०.०० | ०.०० | |
| २. | मह | ३२० वटा | १२७८ ली. | (मौरीघार) |

**७. बेमौसमी तरकारी खेती गर्ने कृषक संख्या को अवस्था :**

| विवरण | आ.व. २०७६/२०७७ | आ.व. २०७७/०७८ |
|---|---|---|
| बेमौसमी तरकारी कृषक संख्या | १४३ जना | २२२ जना |

**८. बेमौसमी तरकारी खेतीको लागी कृषि सामाग्री सहयोग गर्ने सहयोगी संस्था :**

- सिप नेपाल हुम्ला
- एस.आई.डी.सी. हुम्ला
- कृषि विकास शाखा खार्पुनाथ
- लिवर्ड हुम्ला
- ग्रामीण जल स्रोत नेपाल हुम्ला

**९. खार्पुनाथ गाउँपालिकाको कृषि उत्पादन बजारीकरण गर्ने स्थान :**

यस गाउँपालिकाका कृषकहरुले आफुले उत्पादन गरेका कृषि वस्तु तरकारी, खाद्यन्न बाली, च्याउ , फलफुल र मह राष्ट्रिय सडक संजाल नजोडिएको आफ्नै जिल्लाको तपशिल बमोजिमका बजारहरमा बिक्रि गर्ने गरेका छन् ।

- याङ्चु बजार, हुम्ला
- खार्पु पुल बजार, हुम्ला
- सिमकोट, हुम्ला
- स्थानीय बजार

फलफुल र मह भने कहि कतै हवाई जहाँजबाट जिल्ला बाहिर जाने गर्दछ । अहिलेको अवस्थामा कृषकहरु कृषिमा आर्कषित भएतापनि बजारको अभावका कारण यहाँका कृषकहरुले मेहेनत गरेको कृषि उपज सोचे जस्तो र लगाानी अनुसारको आम्दानी हुँदैन । यस्तो समस्या झेल्दा झेल्दै पनि यस गाउँपालिका कृषहहरुले कृषि उपज हरु उत्पादन गरी स्थानीय बजारमा बिक्रि गरी केहि गुजारा गरिरहेका छन् ।

## १०. उत्पादन गरेको कृषि उपजले खान पुग्ने कृषकको अवस्था :

| विवरण | आ.व. २०७६/२०७७ | आ.व. २०७७/०७८ |
|---|---|---|
| ३ महिना खानपुग्ने कृषकको संख्या | ३४७ जना | ४७८ जना |
| ६ महिना खानपुग्ने कृषकको संख्या | ५१४ | ७२८ |
| ९महिना खानपुग्ने कृषकको संख्या | ३१८ | १३२ |
| १२महिना खानपुग्ने कृषकको संख्या | १२६ | ८८ |

## ११. उत्पादित कृषि वस्तु स्थानियस्तरमा भण्डारण गर्दै आएका स्रोत/साधनहरु :

– माटोको भकारी – काठको खाट
– जमिन मुनीको खाडल – प्लास्टिक तथा जुट/अल्लोको बरा
– टिनको ड्रम/प्लास्टिक ड्रम –

## १२. खार्पुनाथ गाउँपालिका वडा नं १ देखी ५ सम्मको वडागत संक्षिप्त कृषि तथ्याङ्कको विवरण:

**१२.१ कृषक घरधुरी संख्या :** ४२८ जना

| विवरण | वडा नं १ लाली | वडा न २ थाली | वडा नं ३ राया | वडा नं ४ छिप्रा | वडा नं ५खार्पूनाथ |
|---|---|---|---|---|---|
| कृषक घरधुरी संख्या | ३८५ | २५३ | २१५ | २६५ | ३१० |

**१२.२ जम्मा कृषक संख्या :** ४७९९ जना

| विवरण | वडा नं १ लाली | वडा न २ थाली | वडा नं ३ राया | वडा नं ४ छिप्रा | वडा नं ५खार्पूनाथ |
|---|---|---|---|---|---|
| महिला (जना) | ७९५ | ३८० | ४७५ | ५९६ | ७९९ |
| पुरुष (जना) | ४५३ | ३४६ | २१२ | ३२५ | ४१८ |
| **जम्मा (जना)** | **१२४८** | **७२६** | **६८७** | **९२१** | **१२१७** |

**१२.३ बेमौसमी तरकारी खेती गर्ने कृषक संख्या :** २२२ जना

| विवरण | वडा नं १ लाली | वडा न २ थाली | वडा नं ३ राया | वडा नं ४ छिप्रा | वडा नं ५खार्पूनाथ |
|---|---|---|---|---|---|
| कृषक संख्या | ३६ | १९ | २४ | ९५ | ४८ |

**१२.४ कृषि क्षेत्रमा भएको भु उपयोग को विवरण :**

| सि. न. | विवरण | वडा नं १ लाली | वडा न २ थाली | वडा नं ३ राया | वडा नं ४ छिप्रा | वडा नं ५खार्पूनाथ |
|---|---|---|---|---|---|---|
| **१.** | **कुल खेतीयोग्य जमिनको क्षेत्रफल** | **५६५** हे. | **२९२.५** हे. | **२८५** हे. | **३८०** हे. | **४४०** हे. |
| २. | खेती गरिएको खेती योग्य जमिनको क्षेत्रफल | ४५५ हे. | २५२.५ हे. | २५७.५ हे. | २९२.५ हे. | ३३७.५ हे. |
| ३. | खेती नगरिएको बाँझो जमिनको क्षेत्रफल | ११० हे. | ४० हे. | २७.५ हे. | ८७.५ हे. | १०२.५ हे. |
| ४. | कुल खेत भएको जमिन क्षेत्रफल | ११ हे. | १.५ हे. | ७ हे. | १५ हे. | ५.५ हे. |
| ५. | कुल पाको जमिनको क्षेत्रफल | ४५१ हे. | २९५ हे. | ३३६ हे. | २८८ हे. | ५५२.२ हे. |
| ६ | सिंचित जमिनको क्षेत्रफल | ११८ हे. | १५ हे. | ९५ हे. | १४८ हे. | ११६ हे. |
| ७. | थप सिंचित हुन सक्ने जमिनको क्षेत्रफल | ९० हे. | १३५ हे. | ९८ हे. | १२५ हे. | १२२ हे. |
| ८. | समथर जमिनको क्षेत्रफल | ३६ हे. | १३ हे. | २० हे. | ३५ हे. | २६ हे. |
| ९. | भिरालो जमिनको क्षेत्रफल | ३२३ हे. | २०५ हे. | २०५ हे. | २१० हे. | १९० हे. |
| १० | चाहर जमिनको क्षेत्रफल | ९६ हे. | १०५ हे. | १७८ हे. | ९६ हे. | १३० हे. |
| **जम्मा कृषि योग्य जमिनको कुल क्षेत्रफल** | | **५६५** हे. | **२९२.५** हे. | **२८५** हे. | **३८०** | **४४०** हे. |

**१२.५. कृषि वस्तुको उत्पादन विवरण :**

**क) खाद्यन्न बाली :**

| सि.नं | बालीहरुको नाम | लगाईएको क्षेत्रफल (हेक्टर) | | | | | उत्पादन परिमाण (मे.ट.) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वडा नं १ | वडा नं २ | वडा नं ३ | वडा नं ४ | वडा नं ५ | वडा नं १ | वडा नं २ | वडा नं ३ | वडा नं ४ | वडा नं ५ |
| १. | धान | १.९० | १.८७ | ३.५६ | १.७० | १.४७ | १८ | १५ | २५ | ६ | ७.३ |
| २. | गहुँ | ५.७३ | ३.१५ | ४.१० | २.५० | ३.७२ | २५.२५ | १७ | २२ | ९.३१ | १२ |
| ३. | मकै | ३.४५ | २.५० | ४.५० | ३.३ | २.२५ | १६. | १२ | २१.११ | १९.१० | १०.२१ |
| ४. | कोदो | ७.५ | ९ | ७.५६ | ५.९५ | ४.९८ | २९.३५ | ३८.१ | ३५.५ | २८ | १९ |
| ५. | जौ | १.५ | ०.२५ | ०.५५ | ०.१० | १.६ | १० | ५ | ६ | १.५ | १०.२९ |
| | **जम्मा** | **२०.०८** | **१६.७७** | **२०.२७** | **१३.५५** | **१४.०२** | **९८.६** | **८७.१** | **१०९.६१** | **६३.९१** | **५८.८** |

**ख) रैथाने बाली :**

| सि.नं | बालीहरुको नाम | लगाईएको क्षेत्रफल (हेक्टर) | | | | | उत्पादन परिमाण (मे.ट.) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वडा नं १ | वडा नं २ | वडा नं ३ | वडा नं ४ | वडा नं ५ | वडा नं १ | वडा नं २ | वडा नं ३ | वडा नं ४ | वडा नं ५ |
| १. | चिनो | ३.५८ | २.७८ | ५.१ | ३.११ | २.४३ | १७ | १९.४५ | २३ | १२.४ | ९ |
| २. | उवा | ३.१ | २.३० | ३.५० | १.९५ | २.१५ | १५. | १३ | १४.२५ | ९ | १०.२ |
| ३ | फापर | १.११ | १.५ | १.६१ | ०.८६ | १.९ | ५.८५ | ३ | ५.५० | १.७ | ७.४ |
| ४. | कागुनो | ०.६० | ०.४० | ०.९० | ०.१५ | ०.५५ | ५ | ४.५ | ६ | २.३९ | ३.५ |
| ५ | लट्टे | ०.००२ | ०.००३ | ०.०२ | ०.०१ | ०.०३ | ०.०८ | ०.०९ | ०.०२० | ०.०११ | ०.०९९ |
| ६. | गुरास | ०.००३ | ०.००१ | ०.००२ | ०.००३ | ०.००१ | ०.५० | ०.०३ | ०.०५ | ०.५० | ०.१२ |
| ७. | गहत | ०.०२ | ०.०२ | ०.०५ | ०.०३ | ०.०३ | ०.०३ | ०.०२ | ०.०५ | ०.०२ | ०.०३ |
| | **जम्मा** | **८.४१५** | **७.००४** | **११.१८२** | **६.११३** | **७.०९१** | **४३.४६** | **४०.०९** | **४८.८७** | **२६.०२१** | **३०.३४९** |

**ग) दलहन बाली :**

| सि.नं | बालीहरुको नाम | लगाईएको क्षेत्रफल (हेक्टर) | | | | | उत्पादन परिमाण (मे.ट.) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वडा नं १ | वडा नं २ | वडा नं ३ | वडा नं ४ | वडा नं ५ | वडा नं १ | वडा नं २ | वडा नं ३ | वडा नं ४ | वडा नं ५ |
| १. | सिमी | ६.८५ | ५.३ | ५.८० | ४.१ | ४.९५ | २६. | २१ | २४ | १३. | १५.८२ |
| २. | भटमास | १.३ | ०.५६ | १.१ | ०.३५ | १.६९ | ७.८१ | ४.२३ | ७२ | ३.०८ | ८.२ |
| ३ | मास | ०.६५ | ०.३५ | ०.६१ | ०.१५ | ०.२४ | ५.५ | ५ | ७.३० | १.१ | ०.६ |
| ४. | केराउ | ०.०५ | ०.०३ | ०.०४ | ०.०१ | ०.२६ | ०.७० | ०.३१ | ०.३८ | ०.४५ | १.०१ |
| | **जम्मा** | **८.८५** | **६.२४** | **७.५५** | **४.६१** | **६.८४** | **४०.०१** | **३०.५४** | **१०३.६८** | **१७.६३** | **२५.६३** |

घ) तरकारी बाली :

| सि.नं | बालीहरुको नाम | लगाईएको क्षेत्रफल (हेक्टर) | | | | | उत्पादन परिमाण (मे.ट.) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वडा नं १ | वडा नं २ | वडा नं ३ | वडा नं ४ | वडा नं ५ | वडा नं १ | वडा नं २ | वडा नं ३ | वडा नं ४ | वडा नं ५ |
| १. | आलु | ३.९८ | ३.७० | ४.५० | २.६० | ४.२२ | १५ | १५ | १९ | ५.१७ | १९ |
| २. | काउली | ०.१ | ०.०२ | ०.०५ | ०.२७ | ०.१२ | ०.९५ | ०.२१ | ०.२६ | ३.५ | २.१८ |
| ३ | बन्दा | ०.०९ | ०.००१ | ०.००८ | ०.३५ | ०.१४ | १.१ | ०.२१ | ०.२७ | ३.९७ | २.९५ |
| ४. | गोलभेडा | ०.२ | ०.०२ | ०.०३ | ०.३ | ०.२ | १.२ | ०.८५ | ०.९८ | २.९२ | १.५५ |
| ५. | रायो | ०.५० | ०.१ | ०.३ | ०.८५ | ०.७५ | २.१५ | ०.५० | ०.७० | ६.९५ | ३.९६ |
| ६. | स्वि साग | ०.०८ | ०.०१ | ०.०३ | ०.०५० | ०.०२७ | ०.५२ | ०.०३ | ०.०८५ | ०.९० | ०.५७ |
| ७.. | पालुङ्गो | ०.०० | ०.०० | ०.०० | ०.०१ | ०.०१ | ०.०० | ०.०० | ०.०० | ०.५० | १.०५ |
| ८. | मुला | ०.०० | ०.०० | ०.०० | ०.०००५ | ०.०००५ | ०.०० | ०.०० | ०.०० | ०.००५ | ०.००५ |
| ९. | गाँजर | ०.०७ | ०.०१ | ०.०५ | ०.०९ | ०.०८ | ०.७२ | ०.०७ | ०.६५ | ०.८१ | ०.५६ |
| १०. | काँक्रा | ०.८५ | ०.७६ | ०.९८ | ०.६८ | ०.६३ | ५.५ | ४.४३ | ७.८५ | ५.५० | ५.२४ |
| ११. | फर्सी | ०.८४ | ०.८० | ०.९५ | १.३ | १.११ | १०.८५ | ९.५० | १३.१ | १३.४३ | १०.१६ |
| | **जम्मा** | **७.७१** | **५.४२१** | **६.८९८** | **६.५००५** | **७.२८७५** | **३७.९९** | **३०.८** | **४२.८९५** | **४३.६५५** | **४९.४०५** |

ङ) मसला बाली :

| सि.नं | बालीहरुको नाम | लगाईएको क्षेत्रफल (हेक्टर) | | | | | उत्पादन परिमाण (मे.ट.) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वडा नं १ | वडा नं २ | वडा नं ३ | वडा नं ४ | वडा नं ५ | वडा नं १ | वडा नं २ | वडा नं ३ | वडा नं ४ | वडा नं ५ |
| १. | प्याज | ०.२० | ०.०५ | ०.३ | १.२० | ०.५५ | २.५ | ०.५५ | ०.९६ | ६.९५ | ३.६७ |
| २. | लसुन | ०.१ | ९.२ | ०.११ | ०.१० | ०.१ | १.२ | ०.९८ | २.१ | १.५० | १.३२ |
| ३. | खुर्सानी | १.९० | २.१ | २.५० | १.५ | १.१ | ३.५० | ५.११ | ८.१५ | ३.५० | १.०३ |
| ४. | धनियाँ | ०.०३ | ०.०१ | ०.०२ | ०.०७ | ०.०४ | ०.१३ | ०.३ | ०.१० | ०.१९ | ०.१६ |
| | **जम्मा** | **२.२३** | **११.३६** | **२.९३** | **२.८७** | **१.७९** | **७.३३** | **६.९४** | **११.३१** | **१२.१४** | **६.१८** |

च) फलफुल बाली :

| सि.नं | बालीहरुको नाम | लगाईएको क्षेत्रफल (हेक्टर) | | | | | उत्पादन परिमाण (मे.ट.) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वडा नं १ | वडा नं २ | वडा नं ३ | वडा नं ४ | वडा नं ५ | वडा नं १ | वडा नं २ | वडा नं ३ | वडा नं ४ | वडा नं ५ |
| १. | स्याउ | ०.८५ | ०.४५ | ०.५५ | २.६२ | २.०३ | १.२ | ०.०११ | ०.६८ | ६.५ | ५.८६ |
| २. | दाँते ओखर | ०.१० | ०.६ | ०.०३ | ०.०१ | ०.०२ | २.१० | ०.०७ | ०.३ | ०.०१ | ०.५० |
| ३. | आरु | ०.१५ | ०.१३ | ०.१४ | ०..३५ | ०.४३ | .०.९० | ०.८० | ०.८५ | १.४० | १.७५ |
| ४. | आरुबखडा | ०.११ | .०.०० | ०.७ | ०.१०. | ०.१२ | ०.८ | ०.०० | ०.५ | ०.८ | ०.११ |
| ५. | निवुवा | ०.०४ | ०.०३ | ०.०० | ०.०२ | ०.०६ | ०.१९ | ०.१७ | ०.०० | ०.११ | ०.२४ |
| ६. | कागती | ०.०० | ०.०० | ०.०० | ०.१ | ०.१ | ०.०० | ०.०० | ०.०० | ०.१५ | ०.२६ |
| ७. | नास्पती | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.० | ०.०० | ०.०० | ०.०० |
| | **जम्मा** | **१.२५** | **१.२१** | **१.४२** | **३.२** | **२.७६** | **५.१९** | **१.०५१** | **२.३३** | **८.९७** | **८.७२** |

छ) माछा तथा मह उत्पादनको विवरण

| सि.नं | बालीहरुको नाम | लगाईएको क्षेत्रफल (वर्गमिटर/संख्या) | | | | | उत्पादन परिमाण (मे.ट./लिटर) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वडा नं १ | वडा नं २ | वडा नं ३ | वडा नं ४ | वडा नं ५ | वडा नं १ | वडा नं २ | वडा नं ३ | वडा नं ४ | वडा नं ५ |
| १. | माछा | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| २. | मह | ५५ | १५ | २० | ६२ | १६८ | २३० | ४५ | ८५ | २४० | ६७८ |

**१४.६ उत्पादन गरेको कृषि उपजले खान पुग्ने कृषकको विवरण :**

| सि. न. | विवरण | वडा नं १ लाली | वडा न २ थाली | वडा नं ३ राया | वडा नं ४ छिप्रा | वडा नं ५खार्पूनाथ |
|---|---|---|---|---|---|---|
| **१.** | ३ महिना खानपुग्ने कृषकको संख्या | **१५०** | **६३** | **४४** | **१०१** | **१२०** |
| २. | ६ महिना खानपुग्ने कृषकको संख्या | १६९ | १५० | १३५ | १२८ | १४६ |
| ३. | ९महिना खानपुग्ने कृषकको संख्या | ३८ | २४ | २१ | २१ | २८ |
| ४. | १२महिना खानपुग्ने कृषकको संख्या | १८ | १६ | १५ | १३ | १६ |
| **जम्मा कृषकको कुल संख्या** | | **३७५** | **२६३** | **२१५** | **२६३** | **३१०** |